# आर्थिक बर्ष २०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तिनाउ गाउँपालिकाको मार्गदर्शन

# (मस्यौदा)

## १. पृष्ठभूमी

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, वार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

गाउँपालिकाको प्राथमिकता तथा दिर्घकालिन सोंच, आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई उपलब्ध स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णयअनुसार यो मार्गदर्शन तयार गरि कार्यान्वयनको लागी पठाईएको छ ।

## २. वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु

वार्षिक योजना तथा वजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न बिषयहरुलाई आधार लिनु पर्नेछ ।

क) नेपालको संविधान
ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७
च) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
छ) स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
ज) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
झ) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
ञ) उपलब्ध स्रोत साधन
ट) विकासका अन्तरसम्बन्धित बिषयहरु
ठ) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

## ३. वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु

बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्नेछः-

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,
झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
ञ) प्राकृतिक प्रकोप तथा महामारी ब्यबस्थापन सम्बन्धि कार्यहरु ।
ट) स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु ।

## ४. वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने बिषयहरु

वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिनु पर्नेछः-

क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने,
ख) आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका बिषयहरु,
ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् ब्यवस्थापन,
घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित बिषयहरु,
ङ) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने बिषयहरु,
च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने बिषयहरु,
छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

## ५. विशेष प्राथमिकतामा राखिका मार्गदर्शनहरुः

क) कृषि उत्पादनमा वृद्धि गरी स्वरोजगार सिर्जना गर्ने ।
ख) गुणस्तरीय शिक्षा कायम गर्ने ।
ग) भौतिक पूर्वाधारलाई पहुँच र गुणस्तर कायम गर्ने गरी योजनाहरु प्राथमिकीकरण गर्ने ।
घ) पर्यटन प्रवर्द्धन गरी आर्थिक विकासमा प्रोत्साहन गर्ने ।
ङ) सकारात्मक सोच विकासको लागि जनचेतना अविवृद्धि गर्ने ।
च) सार्वजनिक जग्गाहरुको संरक्षण गरी वन तथा फलफूलहरुको विकास मार्फत आयआर्जनका कृयाकलापहरुको वृद्धी गर्ने ।
छ) गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने ।

ज) संविधान र प्रचलित कानून बमोजिम स्थानीइ तहको कार्य जिम्मेबारी भित्र रहेका विषय आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

झ) चालु आर्थिक वर्षमा संचालित क्रमागत र अधुरा आयोजना तथा कार्यक्रमहरु

ञ) साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजनाहरु छनौट नगरी उपलब्धीमूलक र प्रतिफलमुखी आयोजना तथा कार्यक्रमहरु कम्तिमा ५ लाख भन्दा माथिका आयोजनाहरु छनोट गर्ने ।

ट) अति विपन्न सिमान्तकृत एवम् दलित जनजाती महिला बालबालिका अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षीत वर्ग समुदाय र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

ठ) वातावरण संरक्षण तथा जनवायु परिवर्तन तथा विपद् व्यवस्थापन जस्ता विषयमा प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

ड) उद्यमशीलता उत्पादन र रोजगार बृद्धि हुने एवं गाउँपालिकाको आन्तरिक आय बृद्धिमा योगदान गर्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

ढ) स्थानीय स्रोत साधन सीप दक्षता क्षमता र कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय सिर्जना र विकास गर्ने आयोझना तथा कार्यक्रमहरु छनोट गर्ने ।

ण) सामाजिक न्याय अभिबृद्धि गर्ने सुशासन तथा जवाफदेहिता अभिबृद्धि र सेवा प्रवाहमा प्रभावकारिता अभिबृद्धि गर्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

त) कृषि खाद्यान्न पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन व्यवसायीकरण विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

थ) गाउँपालिकाको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

द) योग ज्ञान तथा सीप विकास अध्ययन खोज अनुसन्धान र आविष्कारसँग सम्बन्धित आयोझना तथा कार्यक्रमहरु छनोट गर्ने ।

ध) भूउपयोग योजना र क्षेत्र वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजना प्रस्तावित आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

न) बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ संरक्षण विकास र सहभागिता अभिबृद्धि गर्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

ऩ) गाउँपालिकाको समग्र तथा सन्तुलित विकासमा योऊदान पुग्ने आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने ।

प) राष्ट्रिय योजना आयोगले आगामी तीन वर्ष (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) को बजेट तर्जुमाको लागि बजेट सिमा, मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा, २०८० को पालना गर्ने ।

## ६. विषयगत क्षेत्र छुट्याउनुपर्ने

आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र क्षेत्रगत रुपमा कार्यक्रम तथा योजना पेश गर्नुपर्नेछ ।

(क) **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(ख) **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबद्र्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(घ) **वन, वातावरण तथा विपद् ब्यबस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(ङ) **सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास र सुशासनः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

## ७. आयोजना प्राथमिकीकरणका आधार

वडा समितिले वडा स्तरीय एवं गाउँपालिका स्तरीय आयोजना प्राथमिकीकरण गर्दा यसैसाथ संलग्न अनुसूची १ बमोजिम भार विधिको प्रयोग गर्नुपर्नेछ ।

## ८. बस्ती तहका योजना छनौट प्रक्रियाः

**क. बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्नेछः-**

क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

ख) प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

ग) वस्ती तहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, उत्पीडित बर्ग, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका,

जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

घ) टोल/बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/बस्ती भित्रका क्रियाशील सामुदायिक सस्थाहरु (टोल विकास सस्था, आमा समुह, वाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा (सक्कलै कागजातहरु सहित) वडा समितिमा पठाउनु पर्नेछ ।

**ख. वडातहमा योजनाको छनौट तथा प्राथमिकीकरण**

स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट प्राप्त मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरुले बस्ती टोलबाट प्राप्त योजनाहरु मध्येबाट योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तर तथा गाउँपालिका स्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको निर्णय सहित औचित्यताको आधारमा समावेश गर्नको लागी छुट्टै अभिलेख खडा गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ । गाउँपालिकाले औचित्यतता पुष्टि भएमा बार्षिक कार्यक्रम तथा योजनामा समावेश गर्न सक्नेछ ।

## अनुसूची १

## आयोजना प्राथमिकीकरणका आधारहरु, सुचकहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-२० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने -१० अंक

(ग) तटस्थ-५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने-१५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने-१० अंक

(ग) अन्य-५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-७.५ अंक

(ग) तटस्थ-०

४. लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०प्रतिशत वा सो भन्दा बढी लागत सहभागिता हुने-१५ अंक

(ख) २० प्रतिशत देखि ५०५ सम्म लागत सहभागिता हुने-१० अंक

(ग) २०प्रतिशत सम्म लागत सहभागिता हुने-५ अंक

(घ) लागत सहभागिता नहुने-०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने-१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने-७.५ अंक

(ग) अन्य-५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ग) तटस्थ-०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ग) तटस्थ-०

८. स्थानीय भाषिक,सांस्कृतिक विकास गर्ने तथा सामाजिक ब्यबस्था कायम गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने-५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने-३ अंक

(ग) तटस्थ-०

(ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र. सं | आयोजनाको नाम | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (२० अंक) | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | आम्दानी र रोजगार बढ्ने ( १५अंक) | लागत सहभागिता जुट्ने ( १५ अंक) | स्थानीय श्रोत साधन र सीपको प्रयोग (१० अंक) | समावेशी विकासमा योगदान ( १० अंक) | दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | स्थानीय भाषिक, सांस्कृतिक विकास (५ अंक) | कुल प्राप्ताङ्क (१०० ) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

| **क्र.स..** | **अंक भार** | **प्राथमिकता नं.** |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ ।

## अनुसूची २

तिनाउ गाउँपालिका

वडा नं.......

आयोजनाको प्राथमिकिकरण सूची, २०.....

(क) वडा स्तरीय आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लागत सहभागिता | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|---|
| आर्थिक विकास २५% | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| सामाजिक विकास ३०% | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| पूर्वाधार विकास ३०% | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| वन, वातावरण तथा विपद् ब्यवस्थापन समिति १०% | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| सुशासन तथा संस्थागत विकास ५% | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

(ख) गाउँपालिका स्तरीय आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लागत सहभागिता | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| सामाजिक विकास | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| वन, वातावरण तथा विपद् ब्यवस्थापन समिति | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| सुशासन तथा संस्थागत विकास | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

(ख) तिनाउ गौरवका आयोजनाहरुको लागी

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

*उपरोक्त बमोजिमका सबै **Format** हरुको **Soft Copy** समेत तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ । अन्यथा बार्षिक कार्यक्रममा समावेश गराउन सकिने छैन । अनुसुची १ क बमोजिमको अँक अनुसुचि १ ख बमोजिमको ढाँचामा विषयक्षेत्रगत रुपमा तयार गरी प्राथमिकिकरण अनुसार अनुसुची २ बमोजिम वा गाउँपालिकाले पठाएको ढाँचामा तयार गरी पेश गर्नुपर्नेछ ।*